नेपाल सरकार

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

**नीलकण्ठ नगरपालिका कार्यालय धादिङ**

## उपभोक्ता समिति गठन सम्बन्धी सूचना

नीलकण्ठ नगरपालिका कार्यालय धादिङबाट आ.व. ०७३/०७४ मा कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने कार्य मिति २०७३/०७/०१ गते देखि अगाडी बढाइएको छ । योजना कार्यान्वियन सम्बन्धी कार्यविधि समेत तयार गरी योजना सम्झौताको लागि उपभोक्ता समिति गठन गरी मिति २०७३ मंसीर मसान्तसम्म योजना सम्झौता गर्न आउन सम्पूर्ण उपभोक्ताको जानकारीका लागि सूचना प्रकाशित गर्ने काम भएको छ ।

**कार्यान्वयन सम्बन्धी कार्य विधि**

(क) उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमानै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । आयोजना सम्झौता गर्दा उपभोक्ता समितिका सदस्यहरुले नागकिताको प्रमाण–पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । साथै अध्यक्ष, सचिव र कोषाध्यक्षको हकमा तीन पुस्ते नाम नामेसी खुलाई पेश गर्नुपर्ने छ ।

(ख) उपभोक्ता समितिमा कम्तीमा कुल सदस्य संख्याको ३३ प्रतिशत महिला सदस्य अनिवार्य रुपमा हुनुपर्ने छ साथै प्रमुख पद अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य महिला हुनुपर्ने छ । भेलामा दलित, आदिवासी/जनजाती समुदाय तथा लक्षित वर्ग आदिको उपस्थिति रहेमा उपभोक्ता समितिमा पनि प्रतिनिधित्व गराउनु पर्दछ ।

(ग) सर्वदलिय संयन्त्रमा भाग लिने राजनितीक दलका प्रतिनिधीहरु, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्यौंट नगरेका व्यक्तिहरु उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन् । साथै एकै समयमा एकै व्यक्ति दुईवटा आयोजनाको उपभोक्ता समितिमा बस्न पाइने छैन र एकै घरपरिवारका सदस्य एक जना भन्दा बढी उपभोक्ता समितिमा बस्न पाइने छैन ।

(घ) उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा स्थानीय निकायले तोकेको सरकारी कर्मचारी तथा वडा सचिव/सामाजिक परिचालकको रोहवरमा गर्नुपर्नेछ ।

(ङ) उपभोक्ता समिति गठन गर्दा उपभोक्ता भेलाबाट आयोजनाको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन गर्ने एक जना महिला सहित बढीमा ५ जना सम्मको छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्नेछ । साथै आयोजनाको अन्तिम भुक्तानी एवं फरफारक गर्नु पूर्व उक्त समितिको निर्णय सहित सिफारीस गर्नुपर्ने छ ।

(च) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(छ) उपभोक्ता समिति गठन गरि सम्पूर्ण आवश्यक कागजात एवं वडाको सिफारीस सहित मिति २०७३ मंसीर मसान्त भित्र उपभोक्ता समिति गठन गरी सम्झौता गर्न नआएमा कार्यालयले ठेक्कापट्टा वा अन्य प्रक्रियाबाट संचालन गर्नेछ ।

(ज) यातायात सञ्चालन भएका वडाहरु अन्तर्गतका मुख्य–मुख्य सडकहरुमा ट्रयाक खन्ने काम पूरा भएको हुँदा सडकमा आवश्यक पर्ने स्ट्रक्चरका कामहरु ( साइड ड्रेन, क्रस ड्रेन, टेवा पर्खाल निर्माण) र ग्राभेलिङ गर्ने कामको लागि बजेट विनियोजन भएको हुँदा ईच्छुक उपभोक्ता समितिले आफुले गर्न सक्ने/नसक्ने यकिन गरी निवेदन/प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ । उपभोक्ता समितिलाई दिइएको काम आफैंले नगरी कुनै निर्माण व्यवसायी वा सव–कन्ट्रयाक्टरबाट गराउन पाइने छैन, त्यसरी गराइएको पाइएमा सम्झौता रद्द गरी कार्यालयले ठेक्का पट्टाबाट कार्यान्वयन गर्नेछ ।

(झ) दुई वा दुई भन्दा बढी वडासँग सम्बन्धित योजनाको हकमा सम्बन्धित वडाहरुसँग समन्वय गरी उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ञ) नेपाल सरकार तथा मन्त्रालयबाट गरिएको परिपत्र अनुसार उपभोक्ता समितिबाट हुने योजनाहरुको निर्माण कार्यमा मेशीन (एक्साभेटर)/डोजर) प्रयोग गर्न नपाइने नीति रहेकाले सोही अनुसार गर्नुपर्नेछ ।

कार्यकारी अधिकृत

नीलकण्ठ नगरपालिका कार्यालय

कार्यकारी अधिकृत